आ.व. २०८१।०८२

बैठकः- नगर कार्यपालिका बैठक

अध्यक्षताः- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

बैठक नं. ०४।०८१।०८२

मितिः-२०८१।०७।२९ गते

स्थानः- ता.न.पा मिनिहल

समयः- दिउँसो १.०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थिति**

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार वस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६. | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| – | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

CamScanner

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री हरिराम नागिला | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |

श्री डिल बहादुर थापाक्षेत्री - नि.व. वडा अध्यक्ष - ता.न.पा.१०

**निर्णय नं. १**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको अवस्था र तानसेन नगरपालिकाबाट वडास्तरमा संचालन गरिएको घुम्ति शिविर सेवा कार्यक्रमको बारेमा समीक्षा गरियो । नगरवासीहरुबाट यस शिविर प्रति प्रशन्नता व्यक्त भएको छ । वडा नं. १,५,६,७,८,९,१०,११ र १२ मा क्रमश: ७६१, ८२७, ६२३, ८३८, ९९२, ११३१, ६९२, ६३८, ६३२ गरी जम्मा ६३७३ सेवाग्राहीहरुले कृषि, स्वास्थ्य, पशुसेवा, पञ्जिकरण, र राजश्व सेवा सेवा लिएको र घुम्ति शिविर कार्यक्रम अत्यन्त प्रभावकारी भएको व्यहोरा जनस्तरबाट समेत प्राप्त भएकोले यस कार्यक्रमलाई आगामी दिनमा थप प्रभावकारी रुपमा अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २**

यस बर्षको नगरस्तरीय मेयरकप खेलकुद प्रतियोगिता आगामी २०८१ मंसिर १६ देखि पौष ५ गतेसम्म आयोजना गर्ने निर्णय गरियो । यसको लागि नगरस्तरीय खेलकूद विकास समितिलाई खेल व्यवस्थापन गर्ने जिम्मेवारी प्रदान गर्ने, कार्य सम्पन्न भए पश्चात कार्यसम्पन्न प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

तानसेन नगरपालिका क्षेत्र भित्रका नयाँ रुटमा टेम्पो सेवा संचालन गर्न रुट इजाजतका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

(क) होलाङ्गदी-ढुङ्गाखानी

(ख) मिसन अस्पताल-बतासेडाँडा-अवल

(ग) बतासेडाँडा-चण्डिभञ्याङ्ग

(घ) रिडी-जोर्ते

(ङ) धुबघाट-मिसन अस्पताल

**निर्णय नं. ४**

तानसेन नगरपालिकाबाट संचालन गरिने सीप विकास तालिमलाई प्रभावकारी बनाउन तानसेन नगरपालिकाको सीप विकास तालिम संचालन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिकाबाट चालु आ.व.२०८१/०८२ मा संचालन गरिने पूर्वाधार सम्बन्धी योजनाहरुको हालसम्मको प्रगतिको अवस्थाको बारेमा योजना शाखा र पूर्वाधार शाखाबाट प्रस्तुत प्रगति प्रतिवेदनको समग्र अवस्थाको बारेमा समीक्षा गरियो । समयमा योजना तथा कार्यक्रम प्रभावकारी रुपमा अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

आ.व. २०८१/०८२ को सशर्त अनुदानतर्फ प्राप्त शैक्षिक गुणस्तर सुदृढीकरण अन्तर्गत विद्यालयमा (ICT Lab) व्यवस्थापन कार्यक्रम विद्यालयहरुको माग, आवश्यकता र कार्यक्रम वितरणका सूचक समेतको आधारमा तपसिलका विद्यालयहरुलाई उपलब्ध गराउने नगर शिक्षा समितिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणीकरण

२०८१।८।२६

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

तपसिल :

| सि.नं. | विद्यालयहरु | इकाइ | रकम रु. |
|---|---|---|---|
| १ | भुसलडाँडा मा.वि. | १ | ६५०,०००।- |
| २ | देववाणी सं तथा सा.मा.वि. | १ | ६५०,०००।- |
| ३ | महेन्द्र बोधि मा.वि. | १ | ६५०,०००।- |
| ४ | शारदा मा.वि | १ | ६५०,०००।- |

**निर्णय नं. ७**

तानसेन नगरपालिकामा कार्यरत शिक्षकहरुको अभिलेख र शिक्षा विकास तथा समन्वय इकाई, पाल्पाको अभिलेखमा तानसेन नगरपालिका अन्तर्गतको सामुदायिक विद्यालयहरुमा प्राथमिक र निम्न माध्यमिक तहमा स्वीकृत दरबन्दी, राहत कोटा निम्नानुसार रहेको शिक्षा विकास तथा समन्वय इकाइ, पाल्पाको च.नं.०४९०, मिति २०८१/०७/२८ को प्राप्त पत्रानुसार सो इकाइको अभिलेख बमोजिम नै स्वीकृत दरबन्दी तथा राहत कोटा कायम गर्नु/गराउनु भनी तोकी आएको हुँदा हाल तानसेन नगरपालिकामा शिक्षक दरबन्दी रिक्त रहेका तपसिलका विद्यालयहरुको स्वीकृत दरबन्दीलाई राहत कोटामा रुपान्तरण गर्न नगर शिक्षा समितिबाट सिफारिस भई आएकोले अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण | प्राथमिक तह | | निम्न माध्यमिक तह | |
|---|---|---|---|---|---|
| | | स्वीकृत दरबन्दी | राहत कोटा | स्वीकृत दरबन्दी | राहत कोटा |
| १ | शिक्षा विकास तथा समन्वय इकाइ, पाल्पाको अभिलेख अनुसार | १७७ | १६ | ६५ | १६ |
| २ | तानसेन नगरपालिकाको अभिलेख अनुसार | १७९ | १४ | ६६ | १५ |

यसै अनुसार विद्यालयको नाम, ठेगाना स्वीकृत दरबन्दीलाई राहत कोटामा रुपान्तरण गरिएकोमा तह र संख्या तोकी देहायको विवरण अनुसार मिलान गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

१. श्री भुसलडाँडा मा.वि.,ता.न.पा.३ — निम्न माध्यमिक तह- संख्या १
२. श्री सरस्वतीनाथ प्रा.वि.,ता.न.पा.१२ — प्राथमिक तह- संख्या १
३. श्री ज्ञानोदय प्रा.वि.,ता.न.पा.१३ — प्राथमिक तह -संख्या १

**निर्णय नं. ८**

तानसेन नगरपालिका वडा नं. ४ को वडा कार्यालय भवन निर्माण गर्नेगरी कोठा भाडामा लिएकोमा वडा कार्यालय भवन हालसम्म सम्पन्न हुन नसकेको र चिरन मान लिगलको घरमा भाडामा वस्दै आएकोमा उक्त घरको भाडा रकम भुक्तानी गर्न विनियोजित वजेटवाट नपुग भएको हुँदा विविध शिर्षकवाट खर्च गर्ने गरी वजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
२०८१/६/२९

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

**निर्णय नं. ९**
तानसेन नगरपालिकाको सहयोगमा पाल्पा जिल्ला अदालतको परिसरमा अपाङ्गमैत्री पक्की शौचालय निर्माण भएको तर पानी ट्याङ्कीको ईष्टिमेट नभएकोले उक्त शौचालय प्रयोजनको लागि १ हजार लिटरको १ थान पानी ट्याङ्की उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०**
संविधान दिवसको अवसरमा जिल्ला समन्वय समितिको आयोजना र तानसेन नगरपालिकाको सहआयोजना तथा जिल्ला प्रशासन कार्यालयको समन्वयमा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालद्धारा सांस्कृतिक कार्यक्रम सम्पन्न गरेकोले उक्त कार्यक्रमको लागि रकम रु. ३०,०००।- (अक्षेरुपी तीस हजार मात्र ) तानसेन नगरपालिकाको **कला संस्कृति संरक्षण** शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ११**
पाल्पा जिल्ला साईक्लिङ्ग संघद्वारा यही मिति २०८१ कार्तिक २३ र २४ गते राष्ट्रिय स्तरको साईकल र्‍याली **"हेरिटेज राईड"** खेल सम्पन्न गरेको हुँदा उक्त कार्यक्रमको खर्च रु.१,००,०००। (एकलाख मात्र) तानसेन नगरपालिकाको पर्यटन प्रवर्द्धन कार्यक्रम (TACT) को खाना महोत्सव तथा साहासिक खेलकुद प्रतियोगिता शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १२**
तानसेन नगरपालिका वडा नं. ११ अन्तर्गत भुल्के देखि जोर्ते जोड्ने सडक ( चण्डिभञ्ज्याङ्ग राजुबास क्षेत्र समेत) वर्षाको समयमा भत्केर जिर्ण भएको हुँदा उक्त सडक मर्मत र स्तरोन्नती गरी पूर्णरुपमा संचालनका लागि तानसेन नगरपालिकाको विपद् व्यवस्थापन कोष शिर्षकवाट रु. १६,००,०००। (अक्षेरुपी सोह्रलाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**
धोवीधारा महिला स्नानगृह निर्माण लगायत गत आ.व.मा सम्झौता भई दायित्व सरी आएका अधुरो योजनाहरुको कार्य सम्पन्न गर्नेगरी कार्य प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं. १४**
सार्बजनिक र सरकारी जग्गामा वडास्तरमा सामुदायिक भवन र पूर्वाधार निर्माणको लागि आवश्यक निर्णय हुन सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. १५**
तानसेन नगरपालिकाको आ.व. २०८१/०८२ मा विनियोजन भएको जनसहभागिता (५०।५०) कार्यक्रमको लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**
परामर्शदाता संस्थाबाट तयार गरी निर्देशक समितिमा पेश गरिएको यस नगरपालिकाको आवधिक योजना स्वीकृत गरी नियमानुसारको रकम भुक्तानीको लागि निर्देशक समितिबाट नगर कार्यपालिकामा पेश भएकोमा सो योजना स्वीकृत गर्ने निर्णय गरियो । साथै सम्बन्धित परामर्शदाता संस्थालाई चालु आ.व.को नगर विकास योजनाको नगरस्तरीय विषयगत कार्यक्रमको मेला महोत्सव शिर्षकबाट भ्याट समेतको रकम रु.१३,६२,१०२ (अक्षेरुपी तेह्र लाख बैसट्ठी हजार एक सय दुई रुपैया मात्र ।) उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय प्रमाणित गर्छु।
२०८१/०८/२९

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

निर्णय नं. १७

तानसेन नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ तथा सार्वजनिक खरिद ऐन २०६३ ऐ ऐ नियमावली २०६४ बमोजिम कृषि तथा पशुविकासको क्षेत्रमा, निजी क्षेत्र/गैर सरकारी संघ सस्थासंग साझेदारीमा काम गर्ने उद्देश्यले आर्थिक वर्ष २०८१/०८२ देखि शुरु हुने गरी बहुवर्षिय/सालबसालीरुपमा कृषि तथा पशु बिकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता विकास साझेदारी कार्यक्रम सञ्चालन गर्नका लागि नियमानुसार राष्ट्रिय स्तरको पत्रिकामा १५ (पन्ध्र) दिने आशय-पत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो । साझेदारी कार्यक्रम संचालनको लागि तानसेन नगरपालिकाको चालु आ.व.२०८१/०८२ को नगर विकास योजनाको अनुसूची-१, साझेदारी मार्फत सञ्चालन हुने कार्यक्रमको सि.नं. ८ मा उल्लेखित अन्य साझेदारी कार्यक्रमबाट रकम रु.४६,५०,०००।- (अक्षेरुपी छ्यालीस लाख पचास हजार मात्र) बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

तानसेन नगरपालिका वडा नं. ५ स्थित वतासेडाँडामा रहेको सांस्कृतिक डवलीमा आन्तरिक आय ठेक्का वन्दोवस्तका लागि राजश्व परामर्श समितिवाट सिफारिस भई आए वमोजिम आगामी २०८२ आषाढ मशान्तसम्मका लागि न्यूनतम अंक रु. २,५०,०००। (अक्षेरुपी दुईलाख पचास हजार मात्र) कायम गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

ता.न.पा. वडा नं. १४ रुरु क्षेत्रमा यस वर्ष लाग्ने ३ दिने माघे सक्रान्ति मेला संचालन तथा व्यवस्थापन गर्नका लागि राजश्व परामर्श समितिवाट सिफारिस भई आएको न्युनतम अंक रु. १0,00,000।- (अक्षेरुपी दश लाख मात्र) कायम गरी वोलपत्र आव्हानको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख), (१) र (२) मा उल्लेख भए अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो बार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार विक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोले सो व्यवस्थाको कार्यान्वयनको लागि ७ दिन भित्र नगरपालिका भित्रका सामुदायिक वन उपभोक्ता समितिलाई २०७४/०७५ देखिको १० प्रतिशत रकम जम्मा गर्न र आफ्नो बार्षिक स्वीकृत कार्ययोजना पेश गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. २१

शिक्षा (नवौ संसोधन) नियमावली, २०७७ को परिच्छेद २६, नियम १५१ को उपनियम (२) बमोजिम संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तिमा १० प्रतिशतमा नघटाई गरीव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थिलाई छात्रबृत्ती उपलव्ध गराउनु पर्नेछ भनी उल्लेख भएकोले उक्त नियमको प्रमावकारी कार्यान्वयनको लागि संस्थागत विद्यालयका संचालक र प्रिन्सीपलसँग छलफल कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणीकरण।
२०८१/६/२५

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

**निर्णय नं. २२**

तानसेन नगरपालिका नेपाल नगरपालिका संघको सदस्य संस्थाको रुपमा आवद्ध रहेको र नेपालभरका नगरपालिकाहरुको छाता संगठनको रुपमा वहस पैरवी गर्दै आएको नेपाल नगरपालिका संघको प्रशासनिक भवन नभएको अवस्थामा संस्थागत विकासका लागि भवन नहुँदा समस्या रहेको भनि सहयोग माग गरेकोले तानसेन नगरपालिकाको उपर्युक्त शिर्षकवाट रु. ५०००००। (पाँचलाख मात्र) अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं. २३**

तानसेन नगरपालिकाको नगर लोगो र नगर गान निर्माणको लागि सार्वजनिक सूचना आब्हान गर्ने र नगर लोगो र नगर गान छनौट गरी कार्यपालिका वैठकमा सिफारिस गर्न देहाय अनुसारको छनौट समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| संयोजक | नगर प्रमुख | श्री सन्तोषलाल श्रेष्ठ |
| सदस्य | नगर उपप्रमुख | श्री प्रतिक्षा गाहा सिंजाली |
| सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत | श्री हरिराम नागिला |

**निर्णय नं. २४**

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३०३ मिति २०८०।१०।१७ गतेको पत्र अनुसार वालवालिका सम्वन्धी ऐन २०७५ को दफा ६० को उपदफा (२) वमोजिम देहाय अनुसार हुनेगरी तानसेन नगरपालिकाको स्थानीय वाल अधिकार समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय**

| | |
|---|---|
| अध्यक्ष | नगर उपप्रमुख |
| सदस्य | महिला कार्यपालिका सदस्य |
| सदस्य | महिला तथा वालवालिका शाखा प्रमुख |
| सदस्य | पाल्पा अस्पताल प्रमुख चिकित्सक/प्रतिनिधी |
| सदस्य | जिल्ला प्रहरी कार्यालय प्रमुख/प्रतिनिधी |
| सदस्य सचिव | वाल कल्याण अधिकारी |

सन्तोष लाल श्रेष्ठ
प्रमुख